# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असार २६ गते २०६० साल (अतिरिक्ताङ्क १५(ग)


## भाग ३

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

### छात्रवृत्ति सम्बन्धी नियमावली,२०६०

छात्रवृत्ति सम्बन्धी ऐन,२०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "छात्रवृत्ति सम्बन्धी नियमावली,२०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले छात्रवृत्ति सम्बन्धी ऐन,२०२१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ग) "छात्रवृत्ति निर्धारण समिति" भन्नाले नियम ६ बमोजिमको छात्रवृत्ति नीति निर्धारण समिति सम्झनु पर्छ ।

(घ) "छनौट समिति" भन्नाले नियम ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ ।

(ङ) "मूल विषय" भन्नाले छात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ ।

(च) "परीक्षा" भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उमेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनु पर्छ ।

(छ) "विगो निर्धारण समिति" भन्नाले नियम २५ बमोजिमको छात्रवृत्ति सम्बन्धी विगो निर्धारण समिति सम्झनु पर्छ ।



५६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. छात्रवृत्तिको विषय स्वीकृत गर्नु पर्ने: (१) विदेशी सरकार वा कुनै संस्थाबाट माग गर्नु पर्ने विभिन्न किसिम, तह वा स्तरको छात्रवृत्तिको विवरण भरी पठाउन आयोगले समयावधि तोकी श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय र निकायबाट प्रत्येक वर्ष माग गर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग भएपछि सम्बन्धित मन्त्रालय वा निकायले सो मागपत्रमा तोकिएको अवधिभित्र छात्रवृत्ति माग गरी आयोगमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको मागलाई आयोगले राष्ट्रिय योजना अनुकूल चाहिने जनशक्तिको आधारमा विश्लेषण गरी छात्रवृत्तिको विषय स्वीकृत गर्नेछ ।

(४) उपनियम (३) बमोजिम विषय स्वीकृत भए पछि आयोगले स्वीकृत गरिंएका छात्रवृत्तिको विषय, अध्ययन वा तालीमको निमित्त उपयुक्त मुलुक, तालीमको स्तर, अवधि र संख्या, उम्मेदवार खुला प्रतियोगिता वा विभागीय प्रतियोगिता कसरी छनौट गर्ने हो सो समेत खुलाई सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनेछ ।

(५) उपनियम (३) बमोजिम स्वीकृत भएका विषय मध्ये स्वदेशमै अध्ययन वा तालामका व्यवस्था भए नभएको जाँची स्वदेशमा अध्ययन वा तालीमको व्यवस्था नभएका वा भए पनि आवश्यक परिमाणमा नभएका विषयको निमित्त मात्र मन्त्रालय वा निकायले विदेशी सरकार वा कुनै संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउन आवश्यक कारवाही गर्नेछ ।

४. पहिले नै प्राप्त भई सकेका छात्रवृत्तिको विषय स्वीकृति सम्बन्धी व्यवस्था: (१) श्री ५ को सरकारको कुनै मन्त्रालय वा निकायबाट छात्रवृत्ति माग हुनु भन्दा अगावै विदेशी सरकार वा कुनै संस्थाबाट कुनै विषयमा अध्ययन वा तालीमका लागि छात्रवृत्ति प्राप्त भएमा र सो छात्रवृत्ति राष्ट्रिय योजना अनुकूल देखिएमा आयोगले त्यस्तो छात्रवृत्तिको विषय स्वीकृत गरी त्यस्तो छात्रवृत्तिमा खुला प्रतियोगिता वा विभागीय प्रतियोगिता जुन प्रक्रियाबाट उम्मेदवार छनौट हुने हो सो समेत खुलाई सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी सरकार वा कुनै संस्थाबाट प्राप्त भएको छात्रवृत्ति कुनै व्यक्ति विशेषको निमित्त प्रदान गरिएको वा व्यक्तिगत रुपमा विदेशी सरकार वा कुनै संस्थासंग माग गरी उपलब्ध भएकोमा त्यस्तो छात्रवृत्तिमा कुनै कारवाही गरिने छैन ।

५. स्वीकृत नभएको विषयमा छात्रवृत्तिमा नपठाउने: नियम ३ वा ४ मा लेखिएदेखि बाहेक आयोगबाट विषय स्वीकृत नभएको छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त पठाइने छैन ।

६. छात्रवृत्ति निर्धारण समिति: (१) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति नीति निर्धारण समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | शिक्षा तथा खेलकुद मन्त्री वा राज्य मन्त्री | -अध्यक्ष |
| (ख) | आयोगको शिक्षा हेर्ने सदस्य | -सदस्य |
| (ग) | सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| (च) | विश्वविद्यालयहरु मध्येबाट शिक्षा तथा खेलकुद मन्त्रालयले मानोनित गरेको एक जना प्राध्यापक | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सह-सचिव, शैक्षिक प्रशासन महाशाखा,
शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य-सचिव

(२) उप-नियम (१) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा संबन्धित क्षेत्रको कुनै बिशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) छात्रवृत्ति निर्धारण समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार: (१) छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) छात्रवृत्ति प्राप्त गर्न आवश्यक कारवाही गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्न विभिन निकायहरु बीच समन्वय कायम गर्ने,

(घ) दुर्गम क्षेत्र, महिला, दलित तथा कुनै खास वर्ग विशेषका लागि छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ङ) परीक्षा सम्बन्धी आचार संहिता बनाई लागू गर्ने,

(च) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने ।

८. छात्रवृत्ति छनौट समिति: (१) खुल्ला प्रतियोगिताद्वारा छात्रवृत्ति छनौट गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ :-

(क) सह-सचिव (शैक्षिक प्रशासन महाशाखा)
शिक्षा तथा खेलकुद मन्त्रालय -अध्यक्ष

(ख) शिक्षा तथा खेलकुद मन्त्रालयले मनोनयन गरेका
तीनजना विशेषज्ञहरु -सदस्य

(ग) उप-सचिव, (छात्रवृत्ति शाखा),
शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्य हुनको लागि कुनै विश्वविद्यालय वा सो अन्तर्गतका निकायमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) छात्रवृत्ति छनौट समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार:</u> (१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) परीक्षा संचालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासँग सम्बन्धित अन्य कार्यहरु गर्ने,

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने,

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी मन्त्रालय समक्ष सिफारिश गर्ने,

(घ) प्रधान परीक्षक, परीक्षक तथा प्रश्नपत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने,

(ङ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने,

(च) परीक्षाको आचार संहिता उल्लंघन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालय समक्ष सिफारिश गर्ने,

(छ) परीक्षाफल प्रकाशित भएको दुई वर्षपछि नियमित प्रकृया अपनाई उत्तर पुस्तिका धुल्याउने,

(ज) उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता तोक्ने,

(झ) छात्रवृत्ति निर्धारण समितिले दिएको नीति निर्देशनलाई पालना गर्ने,

(ञ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(२) छात्रवृत्ति छनौट समितिले उत्तरपुस्तिका परीक्षण गर्दा कायम गर्नुपर्ने गोपनियताको प्रयोजनको लागि सो उत्तरपुस्तिमा कम्तीमा दुई पटक संकेत नम्वर (डवल कोडिङ्ग) राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. <u>उम्मेदवारको छनौट खुला प्रतियोगिताबाट गर्नु पर्ने</u> : (१) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक, छात्रवृत्तिको लागि उम्मेदवार छनौट गर्दा खुला प्रतियोगिताबाट गरिनेछ ।

(२) उपनियम (१) बमोजिम उम्मेदवार छनौट गर्दा विभिन्न विषयमा प्रदान गरिने छात्रवृत्तिको विषयगत रुपमा छुट्टाछुट्टै प्रतियोगितात्मक परीक्षा लिन सकिनेछ ।

तर कुनै व्यक्तिको लागि छुट्टै परीक्षा लिइने छैन ।

(३) उपलब्ध छात्रवृत्ति मध्ये जनजाति, दलित तथा महिला उम्मेदवाहरुका लागि कम्तीमा क्रमशः दश, दश तथा बीस प्रतिशत स्थान सुरक्षित गर्नु पर्नेछ ।

११. <u>सार्वजनिक रुपमा सूचना गर्नु पर्ने:</u> शिक्षा तथा खेलकूद मन्त्रालयले छात्रवृत्तिको लागि लिइने परीक्षामा उमेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता, कुनै छात्रवृत्ति खास समूहका व्यक्ति वा वर्गको लागि आरक्षण गरिएको भए सो कुरा, परीक्षा दस्तुर लगायत परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु समेत खुलाई परीक्षा संचालन हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै नेपाल अधिराज्यभित्रबाट प्रकाशित हुने कुनै एक प्रमुख दैनिक पत्रिका मार्फत सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. उम्मेदवार हुन न्यूनतम प्रतिशत अंक प्राप्त गर्नु पर्ने : यस नियमावली बमोजिम लिइने परीक्षामा उम्मेदवार हुनको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तीमा साठी प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

तर जनजाति, दलित तथा महिलाका हकमा पचास प्रतिशत अंक प्राप्त गरी परीक्षा उत्तीर्ण गरेको भएपनि उम्मेदवार हुन पाउनेछ ।

१३. दरखास्त बुझाउनु पर्ने:नियम ११ बमोजिम प्रकाशित सूचना बमोजिमको परीक्षामा उमेदवार हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको दस्तुर बुझाई सोही सूचनामा तोकिएको म्यादभित्र शिक्षा तथा खेलकुद मन्त्रालयमा दरखास्त बुझाउनु पर्नेछ ।

१४. खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने आधार: (१) खुला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्दा एकसय पूर्णाङ्क राखी लिखित परीक्षाको लागि सत्तरी र शैक्षिक योग्यताको लागि तीस अंक कायम गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चित्रकला, गायन, वाद्य वादन, नृत्य, सिलाई जस्ता प्रयोगात्मक परीक्षाको आधारमा छनौट गर्नु पर्ने विषयमा उमेदवार छनौट गर्दा छात्रवृत्ति छनौट समितिले सो सम्बन्धमा सूचना प्रकाशन गर्नु अघि नै छनौट सम्बन्धी छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ ।

१५. शैक्षिक योग्यताको अंक विभाजन: शैक्षिक योग्यता वापत दिइने तीस अंकको विभाजन देहाय बमोजिम गरी उम्मेदवारले प्राप्त गरेको औसत प्रतिशतको आधारमा अंक दिइनेछ :-

(क) एस.एल.सी. परीक्षा वा सो सरहबाट छनौट हुनेमा एस.एल.सी वा सो सरहको परीक्षाको लागि तीस अंक

(ख) प्रमाणपत्र तह वा सो सरहबाट छनौट हुनेमा एस.एल.सी. वा सो सरहको परीक्षाको लागि दश अंक र प्रमाणपत्र तह वा सो सरहको परीक्षाको लागि बीस अंक,

(ग) स्नातक तह वा सो सरहबाट छनौट हुनेमा प्रमाणपत्र तह वा सो सरहको परीक्षाको लागि दश अंक र स्नातक तह वा सो सरहको परीक्षाको लागि बीस अंक,

(घ) स्नातकोत्तर तह वा सो सरहबाट छनौट हुनेमा स्नातक तह वा सो सरहको परीक्षाको लागि दश अंक र स्नातकोत्तर तह वा सो सरहको परीक्षाको लागि बीस अंक ।

१६. योग्यताक्रम प्रकाशित गर्ने: छात्रवृत्ति छनौट समितिले लिखित परीक्षामा न्यूनतम साठी प्रतिशत अंक प्राप्त गर्ने उमेदवारलाई परीक्षामा उत्तीर्ण भएको मानी त्यस्ता उमेदवारको प्राप्ताङ्कमा निजले शैक्षिक योग्यता बापत पाउने अंक जोडी योग्यताक्रम प्रकाशित गर्नेछ ।

१७. योग्यताक्रम सूची कायम रहने: छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि नियम १६ बमोजिम प्रकाशित योग्यताक्रमको मान्यता त्यस्तो योग्यताक्रम प्रकाशित भएको मितिले छ महिनासम्म कायम रहनेछ ।

१८. पुनर्योग गर्न सक्ने: (१) लिखित परीक्षामा अनुतीर्ण हुने कुनै उमेदवारले पुनर्योग गर्न चाहेमा योग्यताक्रम प्रकाशित भएको मितिले सात दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा शिक्षा तथा खेलकुद मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन सम्बन्धित उम्मेदवारका अभिभावकले समेत दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम पुनर्योगको लागि निवेदन पर्न आएमा शिक्षा तथा खेलकुद मन्त्रालयले छात्रवृत्ति छनौट समितिको सदस्य सचिवको संयोजकत्वमा तीन सदस्यीय एक पुनर्योग उप-समिति गठन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिमको पुनर्योग उप-समितिले सात दिनभित्र पुनर्योग गरी आफ्नो सिफारिश छात्रवृत्ति छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) पुनर्योग गर्दा निवेदकको नाम योग्यताक्रम सूचीमा समावेश गर्नु पर्ने देखिएमा छात्रवृत्ति छनौट समितिले सिफारिश प्राप्त भएको तीन दिनभित्र निजको नाम समावेश गरी संशोधित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ र पुनर्योग गर्दा निजको नाम समावेश गर्नु नपर्ने भए सो व्यहोराको सूचना शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

१९. उत्तरपुस्तिका गोप्य रहने: यस नियमावली बमोजिम लिइएको लिखित परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ।

२०. विभागीय प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने आधार र कार्यविधि : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको मन्त्रालय वा निकायले विभागीय प्रतियोगिताद्वारा उम्मेदवारको छनौट गर्ने आधार र कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

२१. कबुलियत गर्नु पर्ने: (१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालीममा जानु अघि त्यस्तो व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कबुलियत गरी शिक्षा तथा खेलकुद मन्त्रालयमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कबुलियत गर्दा सम्बन्धित व्यक्तिले नेपाल मेडिकल बोर्डमा दर्ता भएको चिकित्सकद्वारा प्रमाणित गरिएको निरोगिताको सक्कल प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

२२. विषय परिवर्तन गर्न नदिइने: छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालीम प्राप्त गरिरहेको व्यक्तिलाई अध्ययन वा तालीमको निमित्त पठाइएको विषय परिवर्तन गर्न दिइने छैन।

तर कुनै व्यक्तिले सम्बन्धित सरकार वा शिक्षण संस्थाको सिफारिश सहित त्यसरी अध्ययन गरेको वा तालीम लिएको विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाई निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिब देखिएमा आयोगको सहमति लिई शिक्षा तथा खेलकुद मन्त्रालयले विषय परिवर्तनको स्वीकृति दिन सक्नेछ।

२३. छात्रवृत्तिको समयावधि थप गर्न सक्ने: छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त पठाइएको विषय कुनै कारणले पूर्व निर्धारित अवधिभित्र सम्पन्न हुन नसक्ने कारण देखाई म्याद थपको निमित्त कुनै व्यक्तिले आफुले अध्ययन वा तालीम गरेको संस्थाको सिफारिश साथ शिक्षा तथा खेलकुद मन्त्रालय समक्ष निवेदन दिएमा सो मन्त्रालयले म्याद थपको निमित्त छात्रवृत्ति उपलब्ध हुने नहुने कुराको विचार गरी श्री ५ को सरकारलाई कुनै आर्थिक व्ययभार नपर्ने र भविष्यमा प्राप्त हुने छात्रवृत्तिलाई असर नपर्ने भए अध्ययन वा तालीमको म्याद थप गर्न स्वीकृति दिन सक्नेछ।

२४. प्रतिवेदन पेश गर्नु पर्ने: छात्रवृत्ति वा तालीममा जाने व्यक्तिले ऐनको दफा ४ को उपदफा (१) बमोजिम अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

२५. विगो निर्धारण समिति: (१) छात्रवृत्ति सम्बन्धी विगो निर्धारण गरी श्री ५ को सरकार समक्ष सिफारिश गर्नको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति विगो निर्धारण समिति रहने छ:-

(क) शिक्षा तथा खेलकुद मन्त्रालयले तोकेको सो मन्त्रालयको सह-सचिव -अध्यक्ष

(ख) प्रमुख, केन्द्रीय तहसील कार्यालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) उप-सचिव (ऐन, नियम परामर्श शाखा), शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ङ) उप-सचिव, (छात्रवृत्ति शाखा), शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य-सचिव

(२) विगो निर्धारण समितिले उपनियम (१) बमोजिम विगो सिफारिश गर्दा ऐनको दफा ७ को अधीनमा रही गर्नु पर्नेछ ।

(३) छात्रवृत्ति विगो निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. सरकारी बाँकी सरह असूल गरिने: ऐनको दफा ७ बमोजिम श्री ५ को सरकारले निर्धारण गरेको विगो सम्बन्धित व्यक्तिले छ महिनाभित्र शिक्षा तथा खेलकुद मन्त्रालयमा बुझाउनु पर्नेछ । सो म्यादभित्र कुनै व्यक्तिले सो नबुझाएमा त्यस्तो विगो श्री ५ को सरकारको बाँकी सरह असुल गरिनेछ ।

२७. पुन: छात्रवृत्तिमा छनौट नगरिने: (१) छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्ति छात्रवृत्तिमा नगएमा वा त्यस्तो व्यक्तिले ऐन वा यस नियमावली विपरीतको अन्य कार्य गरेमा निजलाई ऐन बमोजिम सजाय गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सजाय पाएको व्यक्तिलाई पुन: अर्को छात्रवृत्तिमा छनौट गरिने छैन

२८. बैठक भत्ता: छात्रवृत्ति निर्धारण समिति, छात्रवृत्ति छनौट समिति, विगो निर्धारण समिति तथा सो अन्तर्गत बनेको उपसमितिका सदस्यले त्यस्तो समिति वा उप-समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयले तोकिदिए बमोजिमका बैठक भत्ता पाउन सक्नेछ ।

२९. निर्देशिका बनाई लागू गर्न सक्ने: यस नियमावली बमोजिम कार्य गर्नको लागि शिक्षा तथा खेलकुद मन्त्रालयले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३०. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने: शिक्षा तथा खेलकुद मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३१. खारेजी र बचाउ: (१) छात्रवृत्ति नियमावली,२०२९ खारेज गरिएको छ ।

(२) छात्रवृत्ति नियमावली,२०२९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेका मानिने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १
(नियम २१ को उपनियम (१) सँग सम्वन्धित)

## कबुलियतनामा

श्री.................................को नाति/नातिनी श्री ...............................................को छोरा/छोरी ...........................................बस्ने...............................मिति...............................मा जन्म भएको म ...........................................................श्री ५ को सरकार, ........................................................ मन्त्रालयवाट..........................विषयमा...................................................देशमा अध्ययन/तालिममा छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन वा तालिम पुरा हुनासाथ छात्रवृत्ति सम्वन्धी ऐन,२०२१ को दफा ४ तथा यस नियमावली वमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, विदेशमा छात्रवृत्ति पाई अध्ययन/तालिममा जाँदा श्री ५ को सरकार वा विदेशी सरकार वा कुनै संस्थावाट प्रदान गरिएको रकम, अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च वापतको रकम समेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी वाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी श्री ५ को सरकार, ...................................... मन्त्रालयमा वुझाएँ ।

छात्रवृत्ति पाउनेको,-

त्याप्चे सहीछाप

सही:-

नाम:-

ठेगाना:-

मिति:-

| दायाँ | वायाँ |
|---|---|
| | |



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २
(नियम १८ को उपनियम (१) सँग सम्वन्धित)

## पुनर्योग गर्न दिइने निवेदन

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
केशरमहल, काठमाडौं ।

त्यस मन्त्रालयवाट मिति............................मा छात्रवृत्तिको लागि लिइएको..................समूह/विषयको लिखित परीक्षामा रो.नं............भएको म/मेरो छोरा/छोरी/नाति/नातिनी/ ........................................ले .............अंक प्राप्त गरकोमा म/ मेरो/हाम्रो चित्त नवुझी सो विषयमा पुनर्योग गर्न चाहेकोले नियमानुसार लाग्ने शुल्क रु...............यसै साथ राखी यो निवेदन गरेका छु ।

विद्यार्थी वा अभिभावकको,-

सही:-

नाम:-

ठेगाना: -

मिति:-



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(नियम २४ सँग सम्वन्धित)

## प्रतिवेदन

श्री................................ मन्त्रालय,
.................................., काठमाडौं ।

विषय : प्रतिवेदन पेश गरेको ।

श्री ५ को सरकार, .............................. मन्त्रालयवाट छात्रवृत्तिमा छनौट भई ...................................... सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./सन्.................मा............... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/तालिम सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,
सहीः-
नामः-
ठेगानाः-
मितिः-

उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययन वा तालीमको विषयः
(ख) अध्ययन वा तालीम दिएको संस्थाको नाम र ठेगानाः
(ग) अध्ययन वा तालीममा गएको देश :
(घ) हासिल गरेको शैक्षिक योग्यता वा तालीम :
(ङ) अध्ययन वा तालीम समाप्त भएको मिति :
(च) विदेशमा अध्ययन वा तालीममा गएको भए नेपाल आइपुगेको मिति :
(छ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम :
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने)
(ज) अध्ययन वा तालीम लिंदा आई परेका समस्याहरु :
(झ) अध्ययन वा तालीम लिंदा भएको खर्चः
(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेको भए टिकट मूल्य) :
(१) जाँदा :
(२) फर्कदा :
(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापत लागेको खर्च
(१) जाँदा :
(२) फर्कदा :
(ठ) अध्ययन वा तालीम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने) :
(ड) अध्ययन अवधिमा विषय परिवर्तन गरे नगरेको (यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने) :

आज्ञाले,
विद्याधर मल्लिक
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।